# भूमि-कृषि अभियान

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी व्यवस्थापन सम्बन्धि स्थानीय प्रयास, सिकाई, चुनौती र समाधान विषयक नीतिगत संवाद

## प्रतिवेदन

GLTN GLOBAL LAND TOOL NETWORK

UN-HABITAT

CSRC आत्मनिर्भर केन्द्र

३० साउन २०८० (१५ अगस्ट २०२३)

काठमाडौं

भूमि-कृषि अभियान

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी व्यवस्थापन सम्बन्धि स्थानीय प्रयास, सिकाई, चुनौती र समाधान विषयक नीतिगत संवाद

### पृष्ठभूमि

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले ७ प्रदेशका १४ स्थानीय तहमाभूउपयोग योजना तर्जुमा, भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन, प्रविष्टि, सत्यापन कार्यमासहयोग गरिरहेको छ ।

भूमि-कृषि अभियानअन्तर्गत भूशासनको स्थानीयकरण विषयक सिकाइ कार्यशाला नवलपुरको, कावासोती चिलाहा होमस्टेमा मिति २०८० जेठ ५ र ६ गते भएको थियो । उक्त कार्यशालमा १४ स्थानीय तहमा भइरहेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन र भूउपयोग योजना तर्जुमा विषयमा भए गरेका काम, उपलब्धि, चुनौती र सिकाइबारे समीक्षा गरिएको थियो ।

उक्त कार्यशालामा उठेका सवालमा सम्बन्धित निकायको ध्यानाकर्षण एवं आवस्यक सक्रियताको लागि साउन ३० गते काठमाडौंमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी व्यवस्थापन सम्बन्धि स्थानीय प्रयास, सिकाई, चुनौती र समाधान विषयक नीतिगत संवाद गरियो । कार्यक्रममा जम्मा ३३ जनाको सहभागिता रह्यो ।

### कार्यक्रमको सुरुवात

सामुदायिक आत्मनिर्भर केन्द्रकी अभियान संयोजक कल्पना कार्कीले उपस्थित सबैलाई स्वागत गरेर कार्यक्रमको सुरु गर्नु भयो । मूलत यस नीतिगत सम्वादको उद्धेश्य नवलपुर कार्यशालामा आएका सवालहरु आदानप्रदान गर्ने, प्रभावकारी विकल्पहरु पहिल्याउने र कार्यान्वयन हुने स्थिती बनाउनु हो भन्ने बारे स्पष्ट पार्नुभयो ।

**प्रस्तुतीकरण, जगत देउजा,** कार्यकारी निर्देशक, सामुदायिक आत्मनिर्भर केन्द्र

देशभरिको लगत संकलनको स्थितीलाई हेर्दा भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको संख्या २१% छ भने बाँकीअव्यवस्थित बसोबासीको रहेको छ । अव्यवस्थित बसोबासीको जमिन प्रयोगमा नै छ । राज्यले अभिलेखमा ल्याउन खोजेको हो । साथै थप जग्गा उपयोग हुनबाट रोक्न पनि यो जरुरी छ । भूमिहीनले जमिन पाउनु एकदम महत्वपूर्ण छ ।

केहीलाई छोडेर भूमिहीन दलित, भूमिहीन सुकुम्बासीको व्यवस्थापनको सन्दर्भमा गरेका प्रयासहरु सह्रानिय छ । स्थानीय तहले धेरै स्रोत र लगानी खर्च गरिसक्नु भएको छ । यस कामलाई परिणाममुखी बनाउन आवश्यक सहयोग गर्नु हाम्रो दायित्व हो । २०१३ साल बाट नै भूमिहीनको व्यवस्थापनको कार्य शुरु भएको छ । २०४६ पछि विभिन्न नाममा विभिन्न आयोगहरु गठन भएको छ । यस बिचमा केही राम्रा

काम भएका छन्, तर हामीसँग त्यसको अभिलेख छैन र त्यसका सिकाईहरु पनि राम्ररी आत्मसाथ गर्न सकिएको छैन ।

सरकारले करिब १३ लाख घरपरिवारलाई व्यवस्थापन गर्नु पर्ने देखिन्छ । यो अहिलेको सम्पूर्ण घरधुरीको २० प्रतिशत हुन आउँछ । यो वर्ष ११० स्थानीय तहमा २५ हजार भूमिहीनलाई जग्गाधनी प्रमाण पुर्जा वितरण गर्ने सरकारको योजना छ । ६९७ स्थानीय तहसँग सम्झौता भएको र ९१७००४ निवेदन प्रविष्टि र ३७४८ जग्गाधनी पुर्जा वितरण भएको छ ।

अहिले भईरहेको काम राजनीतिक दल, संसद, नागरिक समाज, सरकारी अड्डाहरुमा सबैभन्दा छलफल हुनुपर्ने विषय हो । यो काम संवैधानिक व्यवस्थाको विषयको कुरा हो । हरेक वडा, पालिकास्तरमा सहजीकरण समिति बनेको छ । जसमा निर्वाचित प्रतिनिधि बाहेक सेवा केन्द्रको स्थापना भई जनशक्ति समेतको व्यवस्था गरिएको छ । प्रश्नावलीका आधारमा भूमिहीनको लगत संकलन, र  कम्प्यूटर प्रणालीबाट निस्सा वितरण भइरहेको छ । जुन एउटा महत्वपूर्ण प्रक्रिया हो । यस कामलाई हामीले एउटा प्रमाणको रुपमा लिनुपर्ने हुन्छ ।

जग्गा नापीको काम भईरहेको छ । यो हेर्दा हामी धेरै सन्तुष्ट हुनुपर्ने देखिन्छ । साथसाथै स्थानीय भूउपयोग परिषद् गठन, भूशासनको स्थानीयकरणको मुख्य अभ्यास हो र पालिकाले आफ्नो क्षमता अनुसार भूउपयोग योजना तर्जुमा कार्य भईरहेको छ । केही राम्रा र नयाँ प्रक्रियाको सुरुवात भएको छ । स्रोत नहुँदा पनि हामीले पालिकाहरुलाई यस काममा सहयोग गरिरहेका छौँ ।

## सिकाई कार्यशालाबाट आएका सवालहरु

### १. नीतिगत सवाल

- कानुन पालनामा वेवास्ता : भूमि सम्वन्धी ऐनको आठौं संशोधनमा प्रचलित कानुनमा जुनसुकै कुरा उल्लेख भएको भएतापनि अभिलेखमा बन क्षेत्र उल्लेख भएको जग्गामा १० वर्षदेखी कोही कसैले आवादी गरेको छ ।र हाल त्यहाँ रुख विरुवाले ढाकिएका छैनन भने सो जग्गा पनि भोग गर्नेलाई उपलव्ध गराउने व्यवस्थाको ठाडो उलंघन भएको छ ।
- निकुञ्ज-मध्यवर्तीको बलमिच्याँई : मध्यवर्ती क्षेत्रको जग्गा भूमिहीन र अव्यवस्थित बसोवासीलाई उपलव्ध गराउन कुनै कानुनी र प्रक्रियागत अप्ठेरो नभएपनि निकुञ्ज प्रशासनले लगत लिने समयदेखी नै निकुञ्ज प्रशासनले वाधा पुर्‍याईरहेको छ ।
- राजश्व, विधि वैज्ञानिक, कार्यान्वयनमा जटिलता : अव्यवस्थित बसोवासीले बुझाउनु पर्ने राजश्व निर्धारण विधी वैज्ञानिक भएपनि त्यसको कार्यान्वयन जटिल छ। राजश्वमा पुनरावलोकन हुन आवस्यक छ ।
- क्षेत्र वर्गिकरण र वितरण गर्ने, जग्गाको हदबन्दी : जग्गा वितरण गर्दा स्थानीय तहले ग्रामिण क्षेत्र, शहरोन्मुख क्षेत्र र शहरी क्षेत्र गरेर वर्गिकरण गरी जमिन उपलव्ध गराउने विषय पनि चुनौती पूर्ण देखिन्छ ।

- स्थानीय समस्या समाधानको विकल्प (विद्यालयको जग्गामा बसेको भूमिहीन र अव्यवस्थित बसोबासी, पुरानो नापनक्शा आदि) सवाल आउँदा के कसरी सम्बोधन गर्ने भन्ने विषयमा कुनै ठोस व्यवस्था भएको पाईदैंन ।

## २. विधि, प्रक्रिया

- सहजीकरण समितिको न्यून बैठक, स्थानीय  समस्याको विकल्पमा छलफलको कमी ।
- कार्यपालीकाबाट लगतको प्रमाणीकरण र प्रकाशन नभएको । प्रमाणीकरण नभई टुक्रे हिसावले जमिन वितरण गर्न थालिएको छ ।
- एउटै वडा र टोलका पनि कसैले जग्गाधनी पूजाृ पाउने कसैले नपाउने गर्दा आशंका र भ्रम फैलिएको छ ।
- लष्त संकलन भएपनि सोको वर्गिकरण, विश्लेषण राम्ररी हुन सकेको छैन ।
- स्थानीय तहका जनशक्तिलाई तालिम, अभिमुखिकरण आदिको कमी छ ।
- विवरण सच्चाउन आउने, फारम भर्ने केहीले अनौपचारिक ढंगले जग्गा विक्री गर्ने कार्य पनि चुनौतीपूर्ण हुने देखिन्छ ।
- जग्गाधनी प्रमाणपूर्जा वितरण पूर्व अनिवार्य सुचना प्रकाशन बोझिलो छ ।

## ३. व्यवस्थापन

- स्पष्ट योजनाको अभाव
- प्राविधिक जनशक्तिको कमी
- स्रोतको कमी
- कर्मचारीको क्षमता अभिवृद्धि
- विवाद, असहयोग
- केही जिल्ला समितिका सदस्य स्वयंकै असहयोगी व्यवहार  आलि व्यवस्थापकीय विषय हुन् ।

## सिकाई

- सहजीकरण समिती सहि लगत लिन, प्रमाणीकरण गर्न र विवाद समाधान गर्न उपयोगी
- नियमित समीक्षा र सिकाई आदानप्रदान आवस्यक ।
- सेवा केन्द्रको जनशक्तिलाई नियमित तालिम तथा अभिमुखीकरण जरुरी
- तुलनात्मक रुपमा सरल समस्याबाट काम शुरु गर्दा काम हुन्छ भन्ने विश्वासको सञ्चार
- आयोग र अन्य सम्बन्धित निकायबाट वारम्वार अनुगमन र अन्तरक्रिया आवश्यक
- सामाजिक संघसस्थाको सहयोगमा काम गर्न सहज

**चुनौती**

- स्थानीय तहको लगानी अनुसार जग्गाधनीपूर्जा वितरण न्यून
- विदयमान कानुन र नियमावलीले स्थानीय सबै समस्यालाई सम्बोधन गर्न नसकेको
- जसअपसजस, दलगत फाइदा बेफाइदा
- न्यून जनशक्ति
- जिल्ला समितिको न्यून क्षमता
- कानुन र नियमावलीको मर्म विपरितको व्याख्या झन्झट

**सुझावहरु**

**स्थानीय तह**

- कार्यविधि बमोजिम स्थानीय तहमा दक्ष जनशक्तिसहित सेवा केन्द्रको स्थापना र संचालन ।
- कार्ययोजना निर्माण गरी सहजीकरण समितिबाट अनुमोदन गराई कार्यान्वयन ।
- प्रत्येक स्थानीय तहले आफ्नो तहको खोला, बाटो आदिको मापदण्ड अनुसार सिमा क्षेत्र निर्धारण।
- नयाँ ठाँउमा जग्गा उपलब्ध गराउनु पर्ने अवस्थामा वा अती अस्थायी प्रकृतिको घर भएको ठाउँमा योजना गरेर व्यवस्थित घडेरीहरु सामुदायिक जमिन समेत छुट्याएर वितरण गर्नुपर्ने ।
- प्रभाव सुनिश्चित गर्नेगरी नियमावलीले लिन मिल्ने हदसम्मको जग्गा उपलब्ध गराउनुपर्ने ।
- भूउपयोग क्षेत्र वर्गिकरण र जग्गा वितरणको कार्यलाई जोडेर लैजाने ।
- कानुनमा दिन नमिल्ने भनि उल्लेख भएको जग्गामा बसोबास गरेका भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई फाराम भर्नबाट बञ्चित गर्न नहुने ।
- लगत प्रमाणीकरण गरेको कार्यपालिकाबाट स्विकृत गरी वेभसाईटमा सार्वजनिक गर्नुपर्ने ।
- लगत संकलन गर्दा वास्तविक र अति विपन्न भूमिहीन परिवार कोही पनि नछुट्नु भन्नेमा विशेष ख्याल राख्नुपर्ने ।

**राष्ट्रिय भूमि आयोग**

- लगत कार्य सकी सम्पन्न भएको घोषणा गर्ने ।
- तर्जुमा गरिएको सबै कार्यविधिहरु सिकाईको आधारमा परिमार्जन गर्ने । जग्गाधनी पुर्जा वितरण गर्नु पुर्व पत्रिकामा सूचना निकाल्नुपर्ने प्रावधानलाई वेभसाईट मार्फत प्रकाशन गर्ने व्यवस्था मिलाउने ।
- पहाडी र हिमाली जिल्लाको काम ६ महिनामा सकी उक्त स्रोत र साधनलाई समस्या बढि भएका जिल्लामा केन्द्रित गर्नुपर्ने ।
- कानुनको कार्यान्वयनमा दरो कदम चाल्नु पर्ने : जस्तो वन ।
- सदस्यहरुलाई प्रदेशगत जिम्मेवारी दिएर प्रदेशमा बेस गर्ने ।

**संघिय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**

- भूमि र बन ऐन बाझिएको भन्दै प्रशासनीक झमेलाहरु रही नै रहेका छन् । यस विषयलाई फुकाउन सहजीकरण गर्नुपर्ने ।
- भूमि सम्बन्धि ऐन र नियमावलीलाई कार्यान्वयनका क्रममा आएका अप्ठेरा एवं चुनौतीका आधारमा संशोधनका लागि पहल लिने ।
- अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउने जग्गाको मुल्य बढी भएको गुनासो छ। यस विषयमा द्रुत अध्ययन गराई आवश्यक निर्णय लिने ।

**नेपाल सरकार**

- नीतिगत जटिलता सिघ्र हल गर्नुपर्ने ।
- पर्याप्त स्रोत र साधनको व्यवस्था गर्नुपर्ने ।
- कार्यक्रमको मुल्याकंन र समीक्षा गरी थप रणनीतिक कदमहरु चाल्नुपर्ने ।

**संघ, संस्था, संगठन**

- भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासीको सचेतीकरण र सक्रियता अभिवृद्दिमा सहयोग
- लगत संकलन, लगत प्रविष्टिकरण, जग्गा नापी र पूर्जा वितरणमा सहजीकरण
- जनशक्ति सहयोग (स्थानीय तह र जिल्ला)

**छलफल**

**पन्चकाजी श्रेष्ठ, सदस्य, राष्ट्रिय कृषक समुह महासंघ**

भूमिहीन, सुकुम्बासी, जो सिमान्त वर्ग छन् । उनिहरुको आधारभूत आवस्यकता पुरा गर्ने दायित्व राज्यले वहन गर्नै पर्छ । यसबाट भाग्न मिल्दैन । भूमिहीनलाई गरिखानमा लागि सरकारी पर्ति जमिन, बाँझो जमिनहरु नियम अनुसार करार खेतीका लागि समेत दिनुपर्छ ।

**विष्णु प्रसाद पोखेल,** अधिवक्ता, जुरी नेपाल

भूशासानलाई अत्यन्तै गम्भिर रुपमा हेनुपर्छ ।संविधानमा राखिएको मौलिक हकको विषय पेचिला छन् । कानुनको स्वर्णिम व्याख्या भनेको भूमिहीनको हक अधिकारको सुनिश्चितता हो । पारदर्शीताका लागि पालिकाको वेबसाइटका सूचना राख्ने अभ्यास गर्न सकिन्छ ।

कार्यविधिमा नै सरलीकरण कसरी गर्न सकिन्छ र कानुनी द्धन्द्ध, जुन स्थानीय तह, वन र आयोगबिचमा छ, यसलाई कसरी समाधान गर्न सकिन्छ ? आयोगले नै त्यसमा सहजिकरण र पहल गर्नु पर्छ र यसमा नागरिक समाजले पनि सहयोग गर्नु पर्ने देखिन्छ ।

**नरिराम लोहार,** संयोजक, राष्ट्रिय भूमि अधिकार मञ्च

कानुन कार्यान्वयन जहिले पनि निकै जटिल देखिएको छ । साथसाथै, कानुनमा अप्ठ्यारा शब्दहरु छन्, जटिल छ, त्यसलाई सूचकको माध्यमबाट व्याख्या गर्नुपर्छ । भूमि व्यवस्थापन किन जरुरी छ, यो अन्य सबै मौलिक हकका लागि र विकासका लागि पनि आवश्यक छ भनेर पालिका तहमा बुझाउनु पर्छ । आयोगले बनाएका कार्यविधिमा भएका अप्ठ्याराहरु तत्कालै टुङ्गाउनु पर्छ ।

**धनकुमारी श्रेष्ठ,** सचिव, महिला एकता समाज

गरिबका लागि बनेका कानुन किन कार्यान्वयन भइरहेको छैन ? बस्ती व्यवस्थापनको नाममा जनताको अधिकार र न्यायको विपक्षमा काम भइरहेको छ । त्रासको वातावरण छ । हामीलाई पनि सुन्दर शहर चाहिएको छ तर मानवतालाई मध्यनजर गरेर पहिले व्यवस्थापनलाई ध्यान दिनुपर्छ छ। । आयोगले गर्ने काम पनि बिचमा रोकिएको छ । यसमा आयोगले पनि ध्यान दिन जरुरी छ ।

**उद्धव अधिकारी,** संयोजक, खाद्यका लागि कृषि अभियान

हिजो राजा महेन्द्रको पालादेखि लिएर पुनर्वास कार्यक्रम अन्तर्गत भूमिहीनलाई जग्गा वितरण गर्ने कुरा आजसम्म सफल हुन सकिरहेको छैन । आयोगले जमिन वितरण गर्दा न्यूनतम यति भन्दा कम नदिने भनेर निती बनाको छकी छैन ? भूमिहीनले भोगीरहेको जग्गा घटाएर दिने अधिकारीलाई कार्वाही हुने नहुने के व्यवस्था छ ? यसतर्फ पनि ध्यान जान आवस्यक छ ।

समग्रमा, आज स्थानीय तहसँग जोडिएर छलफल भएको हुनाले यसलाई नमूनायोग्य हिमाल, पहाड, तराई मिलाएर जस्तै भन्छौं एउटा कार्यकाल सकिसक्यो अर्को कार्यकाल पनि आधाआधी पुगिसक्यो र पनि हामीले ४ हजारको संख्यामा पनि लालपूर्जा वितरण गर्न सकेको छैन । जबकी १३ लाखलाई जमिन दिनुपर्छ भन्ने कुरा आयो । यो कहिले सकिन्छ भन्ने प्रश्न छ । त्यसैले एउटा जिल्लाले चाहिँ यो काम सक्यो भन्ने सन्देश दिन पाइएको खण्डमा त्यहाँ भएका सिकाई, उपलब्धिलाई अनुकरण गरेर अन्यमा पनि काम गर्न सजिलो हन्थ्यो होला ।

**दाताराम खनाल,** सदस्य, राष्ट्रिय भूमि आयोग

राष्ट्रिय भूमि आयोगलाई समावेशी तवरले नेपाल सरकारले जिम्मेवारी प्रदान गरेपछि हामी सबै काम गर्न तत्पर छौं । आयोगले जिम्मेवारी कार्यकुशल पूर्वक पुरा गरिराखेका छौं । २०१३ सालदेखि सुकुम्बासीलाई जग्गा दिने काममा केके त्रुटिहरु भएका छन्, यसलाई ध्यानमा राखेर अहिलेको आयोगले काम गरिरहेको छ । यसभन्दा अघिको आयोगले गरिरहेको कामहरुलाई निरन्तर दिईरहेका छौं । लालपूर्जा भएका जनतासँग जस्तो छ, यो आयोगले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यबस्थित बसोबासीलाई त्यस्तै लालपूर्जा दिने योजना छ । आयोगले कार्यविधिहरु संशोधन गरिसकेको छ । र आयोगले गर्न सक्ने नीतिगत निर्णयका लागि मन्त्रालय वा संसद्सम्म पुऱ्याउने काम भैरहेको छ ।

संसारभरी सबै नागरीकसँग भूमि हुँदैन । भूमि सबैको लागि जरुरी पनि छैन । तर नेपालमा हरेक नागरीकलाई जमिनको अधिकार दिने गरी महाअभियान सुरु भएको छ । कृषि भूमि सबैका लागि हैन खेती गर्नका लागि मात्र हो । जसले खेती गर्छ, कृषि भूमि राज्यले उसैलाई दिने व्यबस्था हुन जरुरी छ ।

सुकुम्बासीको हकमा एक व्यक्तिको पुस्तामा नै जग्गा छैन, आफ्नो कमाईले घरघडेरी जोड्न नसक्ने भनेर स्वघोषण गरेको, राज्यको तर्फबाट यो भन्दा अघि जग्गा जमिन नपाएको, दाइजो अंशवण्डाबाट जग्गा नपाएकोलाई सुकुम्बासीको रुपमा प्रमाणित भएपछि लालपूर्जा प्राप्त गर्ने कार्यविधि बनाएका छौँ । साथै, अर्काको नाममा भएको जग्गामा बसेको, डेरामा बसेको नकारात्मक सूचीमा बसेको मान्छे रहेछ भने कुनै ठाउँमा जग्गा दिनुपर्छ । सकेसम्म बसिराखेको ठाउँमा त्यहाँ नसके, वडा भित्र, पालिका र जिल्ला भित्र नै कानुनी व्यवस्थापन गर्नुपर्ने प्रावधान रहेको छ ।

**भगवती अधिकारी,** कार्यकारी निर्देशक, महिला एकता समाज

सम्झौता भएर पनि काम नगरेकालाई कसरी अगाडी लैजाने, यसमा आयोगले अभ्यास गर्नु पर्ने देखिन्छ । यस कामलाई महाअभियान भनिरहँदा, नियत, व्यक्ति वा संरचनाका कारणले पालिका छुट्दा यो महाअभियान नरहला, त्यसैले यसको व्यवस्थापन जरुरी छ । एकतर्फ हामी काम गर्ने प्रयास गर्दैछौं भने फिल्डमा उठिबासको त्रास अझै आइरहेका छ । एउटा पत्र र सुचनाले मात्र रोकिरहेको छैन, त्यसैले यसलाई कसरी रोक्ने कुरा आउन जरुरी छ । र साथसाथै  केही पालिका र कार्यपालिकाहरुमा सघसंस्थाहरुसंग काम गर्न जरुरी छैन भन्ने सन्देश गइरहेको छ जस्तो लाग्छ । सघसंस्थाहरुको सहयोगी भूमिका हुन सक्छ र कसरी हामीले यो भूमिका लिन सक्छौ भन्नेमा चाही आयोगले केही भूमिका खेल्न सक्छ जस्तो लाग्छ । र अभिमुखिकरण पनि उत्तिकै जरुरी छ, किनभने समस्या छन् । बुझेका छन् तर नबुझे जस्ता बनेका छन् । सघंसंस्थाहरुलाई सहयोगी र उर्जाको रुपमा लिनुपर्छ ।

**शिव घिमिरे,** सञ्चारकर्मी, नयाँ पत्रिका

आयोगले ५६ पालिकामा सम्झौता गर्न बाँकी छ, यदि आयोगले स्थानीय तहलाई सहमतिमा ल्याउन सकेन भने के हुन्छ ? आयोगले आफ्नो स्रोत, जनशक्ति आफैले लगत संकलन गरेर भूमिको व्यवस्थापन गर्न सक्ने कतिको अवस्था हुन्छ ? सबै काम स्थानीय तहले गर्ने र आयोगले मध्यस्थकर्ताको मात्र भूमिका निभाउने भए आयोगको के अर्थ ? प्रचुर समस्या देखिएको ठाउँमा काम नगरेर सजिलो ठाउँहरु जस्तै तराईमा मात्र काम गरेका छौँ ।

पहिले लगत संकलन, छानविन हुन पर्यो अनि जमिन वितरण गर्नु पर्छ । यसमा हामीले काम गरेका छैनौं। यस कामका लागि स्थानीय तहसँग द्वन्द्व नगरेर समन्वय गर्न जरुरी छ । यो समस्याको समाधान आयोग भन्दा पनि स्थानीय तहले गर्न सक्छ । भूमिहीनका पनि धेरै प्रकार छन् जस्तै, भूमिहीन सुकुम्बासी, विस्थापित छन् र जमिनको आवश्यकता बढी हुनेलाई  प्राथमिकता दिनुपर्छ ।

**सुरेश ढकाल,** मानवशास्त्री एवं अनुसन्धानकर्ता

आयोगले अधिकार नै प्रयोग गर्न सकेन कि अधिकार पुगेन ? आयोगलाई मिडियाले प्रचार र प्रशंसा गरेन भनेर गुनासो गर्न आवश्यक छैन । गाउँगाउँमा भूमिहिन, किसानहरुले जय जय गर्नु नै ठूलो कुरा हो ।

आयोगले काम गर्दाको अनुभव भएको भए समाधानका हिसाबले बहस गर्न सजिलो हुन्थ्यो । आयोगको भूशासनको स्थानीयकरण सम्बन्धि धारणा के छ ? त्यो कुरा आएन। हामीले अहिले जेलाई पनि भूशासनको स्थानीयकरण भनिरहेका छौं । के आयोग यो परिभाषासंग सहमत छ वा आयोगको छुट्टै परिभाषा छ ? भूशासनको स्थानीकयकरण भनेको प्रशासनिक कार्यको वितरण हो कि स्थानीयलाई दिने मात्र भनेको होकी त्यहाँ अरु पनि केहि हुन्छ ? स्थानीय भनेपछि स्थानीयको मौलिकता पनि होलानी ? त्यो मौलिकता कहाँ झल्किन्छ ? आयोगले यो पक्षमा छलफल गरेको छ कि छैन होला ? अर्को कुरा मेयर सक्रिय हुँदा काम भईरहेको छ तर सिङ्गो पालिकाको शक्ति कतिको लागेको छ ? त्यहाँ भएको स्थानीय सरोकारवालाहरुको व्यापक सहभागिता भएमा काम अलपत्र हुन पाउँदैन तर लिन सकेन भने पालिकाले काम गर्छ, एक ठाउँमा पुगेपछि विरोध हुने तथा विभिन्न समस्याहरु आउँछ । यसले गर्दा जिल्ला भूमि आयोगबाट आउने सहयोग आउँदैन ।

कतिपय कुराहरुमा नीतिगत अस्पष्टता छ, समन्वय छैन, बाझिएका कानुनहरु छ तर यो मिलाउन किन समय लागिरहेको छ ?  अधिकार बलपूर्वक उपयोग गर्न नसकेको हो कि ? साथसाथै स्रोत जुटाएर काम गर्नुपर्छ। आयोगका कुराहरु राजनीतिक कुराहरु भएकाले समस्या त्यहाँ छ। जतिनै प्राविधिक कुरा गरेपनि यो राजनीतिक मुद्दा भएकाले माथिल्लो तहमा नै हामी यसप्रति  प्रतिवद्ध छौं भनेर सार्वजनिक रुपमा घोषणा चाहिएको छ र गर्नुपर्छ। आयोगसंग अहिले ठूलो अवसर छ र यो ऐतिहासिक आयोग बन्न सक्छ । हिजोको सामाजिक न्यायका लागि भएका विद्रोह, संर्घष र बलिदानलाई सम्बोधन गर्नुपर्छ । र संयुक्त अनुगमन टिम बनाएमा आयोग अझै प्रभावकारी हुन्छ जसले समस्या आएका ठाउँमा तुरुन्तै समाधान गर्न सकिन्छ ।

**सिता वि.क.,** सञ्चारकर्मी, जागरण मिडिया सेन्टर

दलित भूमिहीनको लागि आयोगले प्राथामिकता दिएर काम गरका छौ भनिराख्दा र डाटा हेर्दा पनि त्यहि देखिन्छ तर कैलाली गोदावारीमा बादी बस्तीलाई नगरपालिका र वनले विस्थापित गर्दा यहाँहरुको ध्यान किन पुग्न सकेन ? समन्वयको अभाव देखिएको छ र क्षेत्राधिकारमा एकदमै अन्योल देखिएको छ ।

**प्रतिज्ञा न्यौपाने,** कार्यक्रम प्रबन्धक, गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

हामीले गर्ने काममा पनि स्रोत र जग्गा प्राप्तिको कुराहरु आइरहन्छसरोकारवालाहरुले हामीलाई तताई पनि रहनु भएको छ तर यति गर्दा पनि मालपोत, नापी, अमिन नहुँदा गाह्रो हुँदो रहेछ । स्थानीयलाई अभिमुखिकरण संगसंगै वन्यजन्तु द्वन्द्वका विरुद्ध पनि हामी सक्रिय रुपका लागिरहेका छौं । र भूमि साझा समस्या भएकाले समन्वय गरेर अघि बढ्नु पर्छ ।

**मन्तव्य**

**गणेश प्रसाद भट्ट,** कार्यकारी निर्देशक, भूमि व्यबस्थापन प्रशिक्षण केन्द्र

भूशासनको विद्यार्थी भएकाले मलाई दुइवटा कुरामा फाइदा भएको छ। मलाई समस्याहरुको बारेमा थाहा भयो र म के गर्दैछु र के गर्न सक्छु भन्नेमा थप जानकारी भयो । क्षमता विकासको महत्वपूर्ण कुरा पछिल्लो समयमा आयोगले काम गर्न नसकेको स्थानीय तहमा अपेक्षा गरेको काम जस्तै भूउपयोग योजना तर्जुमा भूउपयोग वर्गिकरणमा क्षमता अभाव हो । हामीले आफुसँग भएको स्रोतलाई बढी भन्दा बढी

प्रयोग गरेर आयोगसँग सम्बन्धित विषयमा तालिम दिने, कुनै न कुनै ढगंले प्राविधिक सहयोग गरिरहेको छौं ।

**पद्मनिधि सोती,** महानिर्देशक, भूमि व्यवस्था तथा अभिलेख विभाग

संरचनागत कुरामा स्रोतलाई एकिकृत र व्यवस्थापन गर्दा कामलाई तिब्रता दिन सकिन्छ । हामीले ऐलानी, पर्ती मात्र नभएर नेपाल सरकारको नाममा दर्ता हुन बाँकी रहेको तर व्यक्तिको नाममा दर्ता हुन नसक्ने जग्गा पनि बाड्नुहोस् भन्छु । वन र मानव बीचको द्वन्द्ध छ । वनको समस्या समाधान गर्नै पर्छ। यसको कारण भनेको नियमन निकायमा त्रास हुनु हो । पहिले र अहिलेको आयोगले गरेका काममा विश्वासको कमी पनि एउटा कारण हो ।

कार्य क्षेत्रगत विषयगत नीतिगत संरचनागत रुपले पनि काममा ढिलाई भएको हो । तथ्यपरक ढंगबाट काम गर्न र थप सुधार गर्नुपर्ने देखिन्छ ।

**जनकराज जोशी,** महानिर्देशक, नापी विभाग

कानुनी समस्याको रुपमा उठाइएको वन, स्थानीय तह, सरोकारवालाको बिचको समस्या, कानुनी विश्लेशण गर्ने हो भने यो खास दुविधा होइन । कानुन बनेको छ, यो ठूलो उपलब्धि हो । भूमिहीन सुकुम्बासी, भूमिहीन दलितलाई जग्गा उपलब्ध गराउने  र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने, यो कानुनमा उत्कृष्ट व्यवस्था भएको हो । जनतालाई जमिनको मालिक बनाउ, सामाजिक न्याय कायम गरौं भन्ने हो । यस समस्या समाधानका लागि हरेक हप्ता र महिनामा उच्च तहमा छलफल गरेर एउटा संयन्त्र बनाउन आवश्यक पर्छ । केहि प्रक्रियागत कुराहरु संशोधन गुर्नपर्ने आवश्यकता छ ।

संविधानको मनसाय यस कामलाई ३ वर्ष भित्र सम्पन्न गर्ने भन्ने हो । त्यसैले प्रक्रियागत कुराहरु हामीले संशोधन र सम्बोधन गर्नुपर्ने र नयाँ किसिमबाट सोच्नुपर्ने आवश्यकता देख्छु । नीति भनेको सदैव परिवर्तनशील हुन्छ, नभए यसको अर्थ रहँदैन । त्यसैले हामीले छोटो समयमा प्रविधिहरु, विधि, प्रक्रियाहरु, जुन पहिले नै बनिसकेका छन्, यी कुरामा ध्यान दिनुपर्यो ।

स्थानीय तहमा आफ्नो क्षमता आफैँ विकास गर्नुपर्छ । समस्या समाधानका लागि केही व्यवस्था थप गुर्नपर्ने, सरोकारवाला तथा नागरिक समाजहरु सहभागी गराउने र साझेदारी गर्ने, नीतिगत संवाद गर्नुपर्ने देखिन्छ । साथै, यस विषयलाई सकारात्मक रुपमा लैजानुपर्ने देखिन्छ ।

**पुष्पा भुषाल,** सदस्य, राष्ट्रिय किसान आयोग

बसोबासको लागि मात्र जग्गा उपलब्ध गराउने हो की, खेती गर्ने किसानलाई पनि जग्गा उपलब्ध गराउन हामीले पहल गर्नु जरुरी छ । बसोबास तथा कृषि दुवैको लागि किसानले जग्गा पाउनुपर्छ।

जो किसान खेती गर्न चाहन्छन् उहाँहरुसँग जमिन छैन । अहिले जमिन थोरै किसानहरुसँग मात्र छ । जो खेती गर्दैनन् उहाँहरुसँग जमिन छ । हामी सरोकारवाला निकायले खेती गर्न चाहने किसानलाई जग्गा उपलब्ध गराउन साथ सहयोग गर्न जरुरी छ । आयोगले जग्गालाई कृषि सँग जोड्ने कुरा पनि आउँछ । हामीले कुरा गर्दा समन्वय भन्ने शब्द राख्न सजिलो छ तर कार्यान्वयन गर्न गाह्रो विषय रहेछ । भूमि एकतिर गइरहेको हुन्छ कृषि अर्कातिर गईरहेको हुन्छ । कहिले पनि जमिन र कृषि फरक हुनुहुँदैन ।

भूमिहीन, अव्यवस्थित बसोबासी, सुकुम्बासी गरिब समुदायका छन् उहाँहरुलाई रोजगारी उपलब्ध गराउनु राज्यको महत्वपूर्ण काम हो । कृषिलाई कसरी रोजगारीसँग जोड्ने भन्नेबारे पनि छलफल हुनु जरुरी छ। सुकुम्बासी, अव्यवस्थित बसोबासीको रोजगारीको अवस्थाबारे प्रतिवेदन तयार पार्न सकियो भने त्यो कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पुर्याउन सक्ने थियौं ।

**केशव निरौला,** अध्यक्ष, राष्ट्रिय भूमि आयोग

सरकारसंगै आयोग पनि परिवर्तन हुने भएकाले, हिजो जहाँबाट काम टुङ्गियो त्यहाँबाटै सुरु गरेका छौं । भूमिहीन र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने र जग्गाहरुलाई व्यवस्थित गर्न ६ सय प्राविधिक छन्, जहाँ हिजोको आयोगले राखेका अनुभवी प्राविधिक छन् । आफ्नो कामबाट हामी आँफै सन्तुष्ट छैनौं, सोचेको परिणाम ल्याउन सकेका छैनौं । ग्रयास गरिरहेका छौं ।

मन्त्रालयले बनाएको ऐन र नियममा नीतिगत अस्पस्टता छ । मन्त्रालय यस विषयमा छलफलमा छ तर टुङगो भने लागेको छैन । आयोग जसरी नै प्रधानमन्त्री झन प्रतिवद्ध हुनुहुन्छ । यो आयोगको ठूलो तागत बनेको छ । अर्थमन्त्रीले आयोगको बजेट काट्नु, भूउपयोग जसले १० वटा क्षेत्रमा भूमि वर्गिकरण गरेको छ, वनका ऐन तथा नियमसंगको बाझिएको समस्यालाई समाधान गरेर अघि बढ्नेछौं । यस क्षेत्रसंग जोडिनुभएको सरोकारवाला निकायहरुले पनि सहयोग र लबि गर्नुपर्ने देखिन्छ । यो सम्पुर्णको समाधान सिङ्गो राज्यको स्पष्टता, प्रतिवद्धता र इच्छाशक्तिको कुरा हो । हामीले जमिनको पहिचान गरेर मात्र यसको बाँडफाड गर्ने हो । सुकुम्बासी जहाँ बसेको भएपनि स्थान्तरण गरेर भएपनि जमिन प्राप्त गर्छन् । यो नै हाम्रो काम गराईको स्पिड हो ।

सामुदायिक आत्मनिर्भर केन्द्र र युएन् ह्याबिटाटले गरेको कामको अनुभुती हामीले गरेका छौ, १४ तह मात्र नभएर अन्य जिल्लामा गरेको अभियानले हाम्रो काममा थप सहयोग पुगेको छ । साथै प्रशिक्षण केन्द्रबाट पनि ठूलो सहयोग छ ।

**राजाराम छत्कुली,** कार्यक्रम संयोजक, युएन् ह्याबिटाट्

आज महत्वपूर्ण छलफल भएको छ । सन् २०१२ बाट हामी भूमि सवालमा काम गरिरहेका छौँ । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रसँगको सहकार्यमा भइ्ररहेका कामबाट राम्रो परिणाम प्राप्त भईरहेको छ ।

भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको व्यवस्थापन कार्य ज्यादै आवस्यक कार्य हो । जुन रुपमा प्रयास अघि बढिरहेका छन् । त्यसलाई अझै गति दिनु पर्दछ । जति धेरै निकाय समन्वयात्मक ढंगले जान सक्यो, त्यती नै काम प्रभावकारी हुने हो ।

हामीले काम गरिरहेका स्थानीय तहको सिकाई र सवाललाई तिनी निर्मातासमक्ष ल्याउनु आजको उद्देश्य हो । सबै निकायको उच्च अधिकारी सहभागी हुनु भयो । छलफलमा आएका कुरालाई सबैले आफ्नो दायित्वको रुपमा लिऔं । सक्रिय सहभागिताको लागि सबैमा आभार व्यक्त गर्दछु ।

♦♦♦

अनुसूची १ : कार्यक्रमका फोटोहरु








भूमि-कृषि अभियान

****